# खोटाङ जिल्ला अदालत

सगरमाथा अञ्चल
फोन नं. -०३६४२०१९५
फ्याक्स नं. -०३६४२०१९५
E-mail: infodckhotang@dcourt.gov.np

खोटाङ, दिक्तेल

प.स. :०७७।७८

मिति -२०७८-०३-११

## सूचना! सूचना!! सूचना!!!

विश्वव्यापी महामारीको रुपमा तिब्र गतिमा फैलिरहेको नयाँ भेरियन्टको कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको रोकथाम, नियन्त्रण तथा जोखिम न्युनिकरणका लागि दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले नगर भित्रका सबै सरकारी कार्यालय समेतका अत्यावश्यक सेवा प्रवाह गर्ने कार्य बाहेक अन्य सेवा प्रवाह र व्यवसाय तथा यातायात सेवा समेत अर्को सूचना प्रकाशित नभएसम्मका लागि बन्द गर्ने निर्णय भएको जानकारी प्राप्त भए अनुसार सम्मानित सर्वोच्च अदालत पुर्ण बैठकको मिति २०७८/१/१४ गतेको निर्णय अनुसार यस अदालतको नियमित कामकारबाही तथा सेवा प्रवाहमा समेत संकुचन गर्नु आवश्यक भएको भनी मिति २०७८/२/३१ गते यस अदालतका माननीय जिल्ला न्यायाधीशको अध्यक्षतामा जिल्ला बारका पदाधिकारी एवं सदस्यहरु र निमित्त जिल्ला न्यायाधिवक्ता सहितको बैंठक बसी मिति २०७८/०३/११ गतेसम्म सेवा प्रवाहमा संकुचन गर्ने निर्णय गरिएकोमा हालसम्म पनि संक्रमणको अवस्थामा कमी नआएको र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाबाट समेत कुनै नयाँ निर्णय नभईसकेको भएपनि आज मिति २०७८/०३/११ गते यस अदालतका स्रेस्तेदारज्यूको अध्यक्षतामा जिल्ला बार पदाधिकारी एवं सदस्यहरु र जिल्ला प्रहरी कार्यालयका प्रहरी निरिक्षक सहितको बैठक बसी यस खोटाङ जिल्ला अदालतबाट प्रवाह गरिने सेवाहरु मध्ये केही सिमित सेवा प्रवाह गरिने र अन्य सेवाहरु यथावत रुपमा स्थगित राख्ने तथा यस अदालतका काम कारबाही तथा सेवाप्रवाह स्थगन भएको र निषेधाज्ञा जारी रहेको अवधिभर मुद्दा, रिट तथा निवेदनहरुको हकमा शुन्य समय कायमै मानी हदम्याद, म्याद तारिख नगुज्रने गरि यस अदालतबाट अर्को निर्णय नभएसम्म मिति २०७८/०३/११ गते जिल्ला बार पदाधिकारी एवं सदस्यहरु र जिल्ला प्रहरी कार्यालयका प्रहरी निरिक्षक सहितको बैठकबाट मिति २०७८/०३/१३ गतेबाट लागु हुने गरी निम्न सेवा संचालन गर्ने निर्णय भएको हुँदा तपसिल बमोजिका काम कारबाही बाहेक अन्य कामकारबाही र सेवाहरु स्थगन हुने भएकोले सर्वसाधारण सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. मिति २०७८/०२/३१ गते यस अदालतको सूचना बमोजिम तोकिएको अभियोग पत्र दर्ता, म्याद थप समेत सेवाहरु नियमित रुपमा संचालनमा आउने

२. अदालतमा स्वैच्छिक रुपमा उपस्थित भै फिराद, निवेदन दर्ता गराउन आउने सेवाग्राहीको हकमा आजको मिति सम्मको शुन्य अवधि कायम गरी तोकिएको हदम्याद,म्याद र बाटोको म्याद भित्र फिराद-पत्र र प्रतिउत्तर-पत्र दर्ता गरिने ।

३. स्वैच्छिक रुपमा दर्ता गराउन आउने विशेष प्रकृतिका निवेदनहरु दर्ता गराउन आए दर्ता गरिने ।

४. सरोकारवालाहरुले नक्कल माग गरेमा प्रदान गरिने ।

५. मुद्दाका पक्षहरु स्वेच्छिक रुपमा तारिख लिन उपस्थित हुन आएमा तारिखमा राखी तारिख तोकिने।

६. धरौटि फिर्ता र अदालती शुल्क फिर्ताका लागि निवेदन दर्ता गर्न आवश्यक कारबाही गरिने ।

७. अड्डाको रोहवरमा म्याद बूझि पाउँ भनी निवेदन दिएमा र वादीले आफैले म्याद तामेल गर्न चाहेमा म्याद बुझाउने ।

८. जिल्ला अदालतमा लाग्ने पुनरावेदन दर्ता गर्ने ।

९. मुलुकी फौजदारी कार्यविधि, संहिता २०७४ को दफा ७३ बमोजिम दर्ता भएका दर्ता गराउन आउने निवेदनको सुनुवाई गर्ने ।

१०. फैसला कार्यान्वयन तर्फका निवदेनदहरु दर्ता गर्न ल्याएमा दर्ता गरिने र पक्षहरु हाजिर हुन आएमा परिस्थिति अवस्था हेरी फैसला कार्यान्वयनका निवेदनहरुमा काम कारबाही आगाडी बढाईने ।

११. फरार प्रतिवादी हाजिर हुन आएमा हाजिर गराउने ।

१२. प्रतिवादी चुक्त भएका प्रमाण बुझिसकेका थुनुवा मुद्दाको सुनुवाई गरिने

१३. साक्षी बकपत्र कार्य हाललाई स्थगित राखिने ।

१४. अदालतमा आफ्नो सहज हुने गरी स्वेच्छिक रुपमा उपस्थित हुन नसक्ने मद्दाका पक्षहरुका हकमा नेपाल सरकारले केन्द्रिय स्तरबाट लकडाउन खोलेको, यातायात संचालन नभएको अवधिसम्म निजहरुको हकमा शुन्य समय कामनै रहने ।

१५. कोभिड-१९ मापदण्ड पुरा गरि सेवा संचालन गर्ने ।

२०७७।३।१६

रामाकान्त यादव

(श्रेस्तेदार/उप-सचिव)

श्रेस्तेदार
उप-सचिव